# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।११ गते

# प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको।

---

यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र गण्डकीमा सवारी चालक अनुमतिपत्र लिनको लागि फारम भर्ने सिलसिलामा हेभिइक्विपमेन्ट डिभिजन कार्यालय पोखरा, कास्कीमा द्वितीय अपरेटर पदमा कार्यरत कुमार लामिछाने र मेट्रो ड्राइभिङ्ग स्कूलका संचालक खगेन्द्र प्रसाद काफ्लेले यातायात व्यवस्था कार्यालयबाट लिखित परीक्षा र ट्रायल पास गराइदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराबाट खटिई गएको टोलीले सेवाग्राहीसँग रू.४०,०००/- (चालीस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा हेभिइक्विपमेन्ट डिभिजन कार्यालय पोखराका द्वितीय अपरेटर कुमार लामिछाने र मेट्रो ड्राइभिङ्ग स्कूलका संचालक खगेन्द्र प्रसाद काफ्लेले यातायात कार्यालयका खरिदार सोमलाल तिवारी र जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रहरी सहायक निरीक्षक केशरबहादुर राय मल्लसँग समेत मिली सेवाग्राहीलाई निजको सवारी चालक अनुमतिपत्रको लिखित र ट्रायल परीक्षामा पास गराईदिने भनी घुस रिसवत माग गरी लिएको पुष्टि हुन आएको हुँदा निज हेभिइक्विपमेन्ट डिभिजन कार्यालय पोखराका द्वितिय अपरेटर कुमार लामिछानेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र मेट्रो ड्राइभिङ्ग स्कूलका संचालक खगेन्द्र प्रसाद काफ्लेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) कसुर गरेको सप्रमाण पुष्टि हुन आएकोले निजहरूलाई जनही बिगो रू.४०,०००।—(चालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सजाय हुन मागदाबी लिइएको ।

साथै यातायात कार्यालय पोखराका खरिदार सोमलाल तिवारी र जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रहरी सहायक निरीक्षक केशर बहादुर राय मल्लले सेवाग्राहीको सवारीचालक अनुमतिपत्र (J2) वर्ग बनाईदिने गरी भ्रष्टाचारजन्य कार्यका लागि मतियारको भूमिका खेलेको प्रमाणित हुन आएको हुँदा निजहरू सोमलाल तिवारी र केशर बहादुर राय मल्लले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर भएको हुँदा निजहरूलाई जनही बिगो रू.४०,०००।— (चालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम हुने सजायमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता